सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३१७ ♦ २०८३ साल साउन २२ शुक्रवार ♦ 7 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## बर्दिवासको गढन्ता खोलाको बाढीमा बगेर एक जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन २१ गते, बर्दिवास**

महोत्तरीको चुरे क्षेत्रमा पर्ने गढन्ता खोलामा एक्कासि आएको बाढीले बगाउँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा बर्दिबास नगरपालिका-५ का ६२ वर्षीय टंकबहादुर बस्नेत रहेको जिल्ला प्रहरीले जनाएको छ। उहाँ स्थानीयस्तरमा 'हकवाला बस्नेत'का नामले परिचित हुनुहुन्थ्यो।

पारिवारिक स्रोतका अनुसार बस्नेत मङ्गलबार अपराह्न करिब ३ बजे खोला छेउको खेतमा पानी लगाउन जडान गरिएको विद्युतीय मोटर निकाल्न खोलातर्फ जानुभएको थियो। सोही क्रममा चुरे क्षेत्रबाट एक्कासि आएको बाढीले उहाँलाई बगाएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। बर्दिबास नगरपालिका-५ का वडाध्यक्ष काहारमान स्याङ्वाका अनुसार लामो समयसम्म घर नफर्किएपछि परिवारका सदस्य र स्थानीयवासीले खोजी थालेका थिए। खोजीका क्रममा घटनाको करिब पाँच घण्टापछि घटनास्थलदेखि करिब तीन किलोमिटर दक्षिणतर्फ खोलामा घोप्टो परेको अवस्थामा उहाँको शव फेला परेको थियो।

घटनाको जानकारी प्राप्त भएपछि अस्थायी प्रहरी पोस्ट माइस्थानबाट खटिएको प्रहरी टोली घटनास्थलमा पुगेर मुचुल्कालगायत आवश्यक कानुनी प्रक्रिया पूरा गरेको थियो। इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाले घटनाबारे थप अनुसन्धान भइरहेको बताउनुभयो। प्रहरीले वर्षायाममा चुरे क्षेत्रका खोला तथा नदीमा एक्कासि बाढी आउने जोखिम रहने भएकाले आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ।

## ढल्केबरको ट्रमा सेन्टर अन्यत्र सार्ने तयारी प्रति विरोध, प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**खबर दर्पण समाचारदाता**

**साउन २१ गते, जनकपुरधाम**



धनुषाको मिथिला नगरपालिका-ढल्केबरमा निर्माण हुने भनिएको क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल भवन अन्यत्र सार्ने तयारी भएको आशंकाप्रति स्थानीयवासी, जनप्रतिनिधि तथा सरोकारवालाले विरोध जनाएका छन्।

संघर्ष समितिको निर्णयअनुसार बिहीबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापनपत्र बुझाउँदै उनीहरूले ढल्केबरका लागि स्वीकृत ट्रमा सेन्टर यथास्थानमै निर्माण गर्न माग गरेका हुन्।

ज्ञापनपत्रमा नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को बजेट वक्तव्यमा प्रमुख राजमार्गमा ट्रमा सेवा विस्तार गर्ने तथा ढल्केबरमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरिएको उल्लेख छ। त्यसअनुसार आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ मा क्रमश: २०/२० करोड रुपैयाँ बजेट विनियोजन भइसकेको, माटो परीक्षण (सोइल टेस्ट) र टोपोग्राफिकल सर्वेक्षणलगायत प्रारम्भिक कार्य सम्पन्न भइसकेको दाबी गरिएको छ।

ज्ञापनपत्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जग्गासम्बन्धी सहमति प्राप्त भइसकेको तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको २०८३ जेठ ५ गतेको निर्णयअनुसार अस्पताल निर्माणका लागि जग्गा उपभोग स्वीकृत भई २०८३ जेठ २६ गते भूमि प्रशासन कार्यालय ढल्केबरबाट उपयोगको प्रमाणपत्रसमेत प्राप्त भएको उल्लेख गरिएको छ।

संघर्ष समितिका अनुसार प्रतिनिधिसभाको २०८३ साउन १९ गतेको बैठकमा

*बाँकी पृष्ठ ३ मा*

## मधेशको २४ वटा सामुदायिक विद्यालयलाई नमूना बनाइने

**खबर दर्पण समाचारदाता**

**साउन २१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले मधेश प्रदेशको २४ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने लक्ष्यका साथ चालु आर्थिक वर्षमा कामकाजलाई अगाडी बढाएको छ ।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले वहुवर्षीया योजना अन्तर्गत प्रत्येक जिल्लामा तीन वटा विद्यालय गरी जम्मा २४ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्नका प्रदेश सरकारले यसै आर्थिक वर्ष वाट कामको थाल्नी गर्ने बताउनुभयो ।

उहाँले यसका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा एउटा विद्यालयका लागि डेढ करोढ को दरले जम्मा ३२ करोड बजेटको विनियोजन गरेको जानकारी दिनुभयो । उहाँले बजेट कार्यान्वयनका लागि २४ वटै सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई मन्त्रलयमा बोलाएर कामकाज अगाडी बढाउनका लागि निर्देशन दिसकिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विद्यालायका प्राधानाध्यापकलाई हामीले भनेका छौं । नमूना विद्यालयका लागि आवश्यक पर्ने पुर्वाधार र जनशक्ति प्रदेश सरकारले दिन तयार छ । विद्यालयको पठनपाठन सुधार गर्ने काम तपाईहरुको हो । त्यसमा तपाईहरु ध्यान दिनुस् ।" मन्त्री सिंहले मधेश प्रदेशमा तीन हजार ४८४ वटा सामुदायिक विद्यालय रहेको जानकारी दिदै प्रदेश सरकारले आउने दिनमा सबै विद्यालयको शैक्षिक सुधारका लागि कामकाज गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री सिंहले मधेश प्रदेशको शिक्षा क्षेत्रको सुधार अति आवश्यक भएको भन्दै शिक्षा क्षेत्रको सुधारका लागि प्रदेश सरकारले दतोचित भएर कामकाजलाई अगाडी बढाएको बताउनुभयो । उहाँले मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने सवालमा प्रदेश सरकारले बढाएका कामकाज तिब्र गतिमा अगाडी बढी रहेको र उल्लेखिय रुपमा प्रगति देखिएको बताउनुभयो ।

उहाँले अहिले मधेश प्रदेशका विभिन्न पालिकाहरुलाई उल्लेखित मापदण्ड पुरा गरेपछि साक्षर पालिका घोषण गर्ने काम अगाडी बढीरहेको भन्दै मधेश प्रदेशलाई पनि छिट्टै साक्षर प्रदेश घोष्णा गर्ने तयारीमा प्रदेश सरकार रहेको उल्लेख गर्नुभयो । उहाँले सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि अगामी दिनमा प्रदेश सरकारले सामुदायिक विद्यालयको अनुगमणको कार्यलाई पनि त्रिब पार्ने जानकारी दिनुभयो ।



# यातायात कार्यालयद्वारा ५७ करोड १५ लाख राजस्व सङ्कलन

**खबर दर्पण समाचारदाता**
**साउन २१ गते, महेन्द्रनगर**

आर्थिक वर्ष २०८२/८३ मा रु ५७ करोड १५ लाखभन्दा बढी राजस्व जम्मा भएको छ । यातायात व्यवस्था कार्यालय जनकपुरधाम धनुषाले सेवाग्राहीबाट गत आर्थिक वर्षमा उक्त राजस्व सङ्कलन गरेको हो। नयाँ सवारी दर्ता, नवीकरण तथा सवारी चालक अनुमतिपत्र वितरण लगायतबाट आव २०८२/८३ मा सो कार्यालयले रु ५७ करोड १५ लाख ३० हजार ६३६ राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख वासुदेव मल्लले बताउनुभयो ।

उहाँले उक्त राजस्व अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु नौ करोड ५४ लाख १३ हजार ३४४ कम सङ्कलन भएको जानकारी दिनुभयो ।

सो कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा विभिन्न शीर्षकमा रु ६६ करोड ६९ लाख ४३ हजार ९८० राजस्व सङ्कलन गरेको थियो ।



गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलन, आर्थिक वर्षको अन्तिम महिनामा यातायात व्यवस्था विभागले सफ्टवेयर निर्माणका क्रममा ढिलाइ भएको कारण राजस्व सङ्कलनमा कमी आएको बताइन्छ।

कार्यालय प्रमुख मल्लका अनुसार आव २०८२/८३ मा मोटर साइकल १६ हजार ९५७ वटा, बसरट्रक १८७ वटा, टेम्पोर विद्युतीय रिक्सा एक हजार ९०२ वटा, ट्याक्टर एक हजार २२ वटा, जिपरकार २२६ वटालगायत गरी २१ हजार २९४ वटा नयाँ सवारी दर्ता भएको छ। यस अवधिमा नयाँ र वर्ग थप गरी १३ हजार ३३८ जनालाई सवारीचालक अनुमतिपत्र वितरण गरिएको थियो ।-रासस

# धनुषा जिल्ला अदालतमा एक वर्षमा ५ हजार २१६ मुद्दा फछ्र्योट

**खबर दर्पण समाचारदाता**
**साउन २१ गते, महेन्द्रनगर**

धनुषा जिल्ला अदालतले आर्थिक वर्ष २०८२/८३ मा पाँच हजार २१६ वटा मुद्दा फछ्र्योट गरेको छ ।

नयाँ मुद्दाको चाप निरन्तर बढिर हेका बेला अदालतले आधाभन्दा बढी मुद्दा टुंग्याए पनि पाँच हजार भन्दा बढी मुद्दा अझै विचाराधीन रहेका छन् ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार गत आर्थिक वर्षमा पाँच हजार ८४४ नयाँ मुद्दा दर्ता भएका थिए भने अघिल्लो आर्थिक वर्षबाट चार हजार २३१ मुद्दा सरेर आएका थिए ।

यससँगै अदालतमा कूल १० हजार ७५ मुद्दा विचाराधीन रहेकामा पाँच हजार २१६ मुद्दा फछ्र्योट गरिएको हो । हाल पाँच हजार ५९ मुद्दाको सुनुवाइ प्रक्रिया जारी रहेको अदालतले जनाएको छ ।

तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा अदालतमा पाँच हजार ७५३ नयाँ मुद्दा दर्ता भएका थिए ।

त्यसअघि रहेका चार हजार १७९ मुद्दासहित कूल नौ हजार ९३२ मुद्दामध्ये पाँच हजार ७०१ मुद्दा फछ्र्योट गरिएको थियो । यस वर्ष नयाँ मुद्दा बढे पनि फछ्र्योट हुने मुद्दाको संख्या भने केही घटेको देखिएको छ ।

अदालतले पछिल्लो समय लागू गरेको स्वचालित पेसी प्रणालीले न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित बनाएको जनाएको छ ।












## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**साउन २१ गते, महोत्तरी**

पर्याप्त वर्षा नहुँदा महोत्तरीको औरही नगरपालिका क्षेत्रका धान किसान यस वर्ष सिँचाइको अभाव, रासायनिक मलको कमी तथा सिँचाइ उपकरण चोरीका घटनाका कारण बहुआयामिक समस्यामा परेका छन्। पर्याप्त पानी नपर्दा किसानले स्यालो ट्युबवेलबाट मोटरमार्फत सिँचाइ गर्न बाध्य हुनु परेको छ भने आवश्यक रासायनिक मलको अभाव र मोटर तथा विद्युत् तार चोरीका घटनाले खेतीको लागत र जोखिम दुवै बढाएको छ।

औरही नगरपालिका-१ र २ का अधिकांश किसानले धान रोपाइँ सम्पन्न गरे पनि खेतमा पर्याप्त पानी नजमेकाले बाली जोगाउन दिनरात मोटर सञ्चालन गर्नुपरेको बताएका छन्। लगातार मोटर चलाउनुपर्दा डिजेल, विद्युत् र मजदुरी खर्च बढेर खेती महँगो बन्दै गएको उनीहरूको भनाइ छ।

औरही नगरपालिका-२ का किसान दिनेश यादवले आकाशे पानीले मात्र धानबाली धान्न नसकेको बताउनुभयो। खेतमा पानी नटिक्ने भएकाले बारम्बार स्यालो ट्युबवेलबाट सिँचाइ गर्नुपरेको र यसले उत्पादन लागत उल्लेख्य रूपमा बढाएको उहाँले बताउनुभयो। समयमा रासायनिक मल उपलब्ध हुन नसक्दा किसान थप समस्यामा परेको उहाँको भनाइ छ।

सोही वडाका अर्का किसान घनश्याम यादवले सिँचाइ र मल अभावका कारण उत्पादनप्रति अनिश्चितता बढेको बताउनुभयो। बजारमा मल सहज रूपमा नपाइने र पाइए पनि महँगो पर्ने भएकाले खेतीबाट आम्दानीभन्दा खर्च बढी हुने अवस्था सिर्जना भएको उहाँले गुनासो गर्नुभयो।

सिँचाइका लागि प्रयोग हुने मोटर र विद्युत् तार चोरीका घटना बढेपछि किसान थप चिन्तित बनेका छन्। औरही नगर पालिका-१ का किसान राकेश साहले केही दिनअघि आफ्नो सिँचाइ मोटर चोरी भएको जानकारी दिनुभयो। उहाँका अनुसार अर्का एक किसानको करिब ७ सय मिटर विद्युत् तार पनि चोरी भएको छ। पछिल्लो समय यस्ता घटना बढेपछि किसान खेती जोगाउन रातभर खेतमै बस्न बाध्य भएका छन्।




औरही नगरपालिकाका कृषि शाखा प्रमुख सुनिलकुमार यादवले पर्याप्त र निरन्तर वर्षा नहुँदा किसान स्यालो ट्युबवेलमा निर्भर हुनुपरेको बताउनुभयो। रासायनिक मलको आपूर्ति संघीय तथा प्रदेशस्तरको प्रणालीमार्फत हुने भएकाले केही समय अभाव देखिएको र उपलब्ध हुनेबित्तिकै किसानलाई वितरण गरिने उहाँले जानकारी दिनुभयो। दीर्घकालीन रूपमा सिँचाइ पूर्वाधार विस्तार तथा किसानलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने विषयमा पनि काम भइरहेको उहाँको भनाइ छ।

कृषि क्षेत्रका जानकारका अनुसार धानबालीको प्रारम्भिक अवस्थामा पर्याप्त सिँचाइ र सन्तुलित मल व्यवस्थापन हुन नसके उत्पादनमा प्रत्यक्ष असर पर्छ। सिँचाइ उपकरण चोरीका घटना बढ्दा किसानको आर्थिक भार थप बढ्ने भएकाले स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित निकायले समन्वय गरी प्रभावकारी समाधान खोज्नुपर्ने आवश्यकता औंल्याइएको छ।

कृषिप्रधान क्षेत्र मानिने औरहीमा यस वर्ष देखिएको सिँचाइ अभाव, मल संकट र सिँचाइ उपकरण चोरीका घटनाले किसानलाई एकैसाथ तीनवटा समस्याको सामना गराएको छ। समयमै प्रभावकारी समाधान हुन नसके धान उत्पादनसँगै किसानको आयआर्जन र स्थानीय खाद्य सुरक्षामा समेत प्रतिकूल असर पर्ने चिन्ता व्यक्त गरिएको छ।

# ढल्केबरको ट्रमा सेन्टर अन्यत्र...

स्वास्थ्यमन्त्रीले मधेश प्रदेशको लाहानमा ट्रमा सेन्टर अस्पताल भवन निर्माण गर्ने अभिव्यक्ति दिएपछि ढल्केबरका लागि स्वीकृत आयोजना अन्यत्र सारिने आशंका उत्पन्न भएको हो। स्थानीयवासीले ढल्केबर मधेश प्रदेशको मध्यविन्दु तथा पूर्व-पश्चिम राजमार्गको अत्यधिक सवारी चाप भएको मुख्य केन्द्र रहेकाले यहाँ दुर्घटनाको जोखिम उच्च रहेको बताएका छन्। उनीहरूले पूर्वनिर्धारित स्थानमै क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल भवन निर्माण सुनिश्चित गर्न सरकार सँग माग गरेका छन्।












# मधेस सरकारको बहुवर्षीय योजनामा तीव्रता, अधिकांश काम अन्तिम चरणमा

अजयकुमार साह

**साउन २१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारद्वारा धनुषामा सञ्चालित ३२ वटा बहुवर्षीय योजनामध्ये अधिकांश योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। पूर्वाधार विकास कार्यालय जनकपुर धामका अनुसार तीमध्ये धेरैजसो योजना चालु आर्थिक वर्षभित्र सम्पन्न हुने अवस्थामा पुगेका छन्।

कार्यालय प्रमुख सञ्जीवकुमार साहका अनुसार बहुवर्षीय योजनाअन्तर्गत सञ्चालित 'एक निर्वाचन क्षेत्र सडक कार्यक्रम' पनि अन्तिम चरणमा पुगेको छ। उक्त कार्यक्रमअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा पाँच-पाँच किलोमिटर सडक निर्माण तथा कालोपत्र गर्ने लक्ष्य राखिएको छ।

बहुवर्षीय योजनाअन्तर्गत जनकपुरधाम उपमहानगर पालिका-१ स्थित जलाद खोलामा पुल निर्माण तथा धनुषाको भीमान-महनगाछी-किसनपुर सडक कालोपत्र गर्ने काम सम्पन्न भइसकेको कार्यालयले जनाएको छ।

पूर्वाधार विकास कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा सडक तथा भौतिक पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति हासिल गरेको जनाएको छ। कार्यालयका अनुसार सो अवधिमा धनुषाका विभिन्न स्थानमा ५७ किलोमिटर सडक ढलान, २२ वटा कल्भर्ट निर्माण, २२.५ किलोमिटर सडक ग्राभेल तथा एक किलोमिटर सडक कालोपत्र गरिएको छ। यसका साथै सात किलोमिटर सडकको मर्मत-सम्भार कार्य पनि सम्पन्न गरिएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो।

उहाँका अनुसार निरन्तरको प्रयासपछि जनकपुरधामस्थित बीपी स्मृति सभाहल तथा सबैलास्थित योगनारायण स्मृति सभाहल निर्माण सम्पन्न भएका छन्। त्यस्तै, जिल्लाका विभिन्न स्थानमा २२ वटा सामुदायिक भवन र दुई वटा सभाहल निर्माणको काम पनि सम्पन्न भएको छ।

जनता आवास कार्यक्रमअन्तर्गत धनुषा र महोत्तरीमा निर्माणाधीन ७९६ आवासमध्ये ६३८ वटा आवास निर्माण सम्पन्न भइसकेका छन्। बाँकी आवाससम्बन्धी विषय अदालतमा विचाराधीन रहेकाले निर्माण कार्य रोकिएको कार्यालय प्रमुख साहले बताउनुभयो।

यस्तै, महेन्द्र नारायण निधि विपन्न आवास योजनाअन्तर्गत धनुषामा निर्माण गर्न लागिएका १०५ आवासमध्ये ७१ वटा निर्माण सम्पन्न भएका छन् भने बाँकी ३४ वटा निर्माणाधीन अवस्थामा छन्।

मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत धनुषामा निर्माण गरिने ५५ आवासमध्ये २९ वटा सम्पन्न भइसकेका छन् भने बाँकी आवास निर्माणको काम जारी रहेको कार्यालयले जनाएको छ।















खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ३ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-३ महेन्द्रनगर धनुषा,